# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७) किस्पाङ गाउँपालिका, फाल्गुन महिना २१ गते, २०८० साल संख्याः २**

## भाग-१

## किस्पाङ गाउँपालिका

किस्पाङ गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०८० सालको ऐन नं. २

किस्पाङ बहु-प्राविधिक शिक्षालय सञ्चालन ऐन २०८०

गाउँसभाबाट स्वीकृत मितिः २०८०।११।१८
प्रमाणिकरण मितिः २०८०/११/२१

# किस्पाङ गाउँपालिका बहु प्राविधिक शिक्षालय संञ्चालन ऐन२०८०

**प्रस्तावनाः** सर्वसाधारणलाई न्यून शुल्कमा, सहज रुपमा समयानुकुल नवीनतम प्रविधिको ज्ञान र सीप प्रदान गरी आवश्यकता अनुसारको दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै स्थानीय आवश्यकता परिपूर्ति, उद्यमशीलता प्रवर्द्धन तथा स्वरोजगारी सृजना गर्ने र युवा जनशक्तिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास गर्न बाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा ३३९ र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम "किस्पाङ बहु प्राविधिक शिक्षालय सञ्चालन ऐन २०८०" रहेको छ ।

२. यो ऐन गाउँसभा पारित भएको मितिदेखि लागू हुनेछ

२. **परिभाषा विषय वा प्रसंगले** अर्को अर्थ नलागेमा यस ऐनमा,-

१. **"अध्यक्ष"** भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

२. **"गाउँपालिका "** भन्नाले किस्पाङ गाउँपालिका सम्झनु पर्छ ।

३. **"ऐन"** भन्नाले किस्पाङ बहु प्राविधिक शिक्षालय सञ्चालन ऐन, २०८० सम्झनु पर्छ ।

४. **"कर्मचारी"** भन्नाले अध्यापन र अनुसन्धान कार्य बाहेक किस्पाङ बहु प्राविधिक शिक्षालयको प्रशासनीक लगायत सेवामा संलग्न व्यक्तिलाई सम्झनु पर्छ ।

५. **"कोष"** भन्नाले दफा ११ बमोजिम किस्पाङ बहु प्राविधिक शिक्षालयको कोष सम्झनु पर्छ ।

६. **"तोकिए बमोजिम"** वा "तोके बमोजिम" भन्नाले ऐनमा तोकिए बमोजिमका कुराहरु सम्झनु पर्छ ।

७. **"निर्देशक"** भन्नाले ऐनको दफा ९ बमोजिम नियुक्त शिक्षालयको प्रमुख ब्यक्ति सम्झनु पर्छ ।

८. **"परिषद्"** भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्झनु पर्छ ।

९. **"प्रशिक्षक"** भन्नाले किस्पाङ बहु प्राविधिक शिक्षालयमा नियुक्त भई कार्यरत शिक्षक सम्झनु पर्छ ।

१०. **"प्राचार्य"** भन्नाले ऐनको दफा ७ बमोजिम नियुक्त शिक्षालयको शैक्षिक गतिबिधिहरु सञ्चालन गर्ने अध्यक्ष सम्झनु पर्छ ।

११. **"शिक्षालय"** भन्नाले किस्पाङ बहु-प्राविधिक शिक्षालय सम्झनु पर्छ ।

१२. **"सदस्य सचिव"** भन्नाले सञ्चालक समितिको सदस्य सचिव सम्झनु पर्छ ।

किस्पाङ गाउँपालिका

१३. **"सञ्चालक समिति"** भन्नाले किस्पाङ बहु प्राविधिक शिक्षालय सञ्चालक समिति सम्झनु पर्छ ।

**परिच्छेद – २**

३. **शिक्षालय स्थापना** (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई प्रवर्द्धन गर्दै प्राविधिक दक्ष जनशक्ति उत्पादन गरी स्थानीय आवश्यकता परिपूर्ति तथा स्वरोजगारीका अवसर सिर्जना गर्न शिक्षालय स्थापना गरिएको छ ।

(२) शिक्षालय किस्पाङ गाउँपालिकाको क्षेत्र भित्र रहने छ ।

४. **सञ्चालक समितिको गठन** (१) शिक्षालयको नीति निर्माण, कार्य सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्नका लागि सर्वोच्च अङ्गको रुपमा शिक्षालय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ, जसको गठन देहाय अनुसार हुनेछः

(क) गा.पा अध्यक्ष–पदेन अध्यक्ष

(ख) गा.पा उपाध्यक्ष–पदेन सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –पदेन सदस्य

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्रतिनिधी –सदस्य

(ङ) किस्पाङ गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाको वडा अध्यक्षहरू – पदेन सदस्य

(च) किस्पाङ गाउँपालिका शिक्षा शाखा प्रमुख –पदेन सदस्य

(छ) शिक्षालयले सञ्चालन गर्ने कार्यक्रमसँग सम्बन्धित विषयका विषय विज्ञहरू मध्येबाट सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले मनोनयन गरेको १ जना –सदस्य

(ज) शिक्षाविद्, समाजसेवी,माध्यामिक तह, क्याम्पस अध्यक्ष, क्याम्पस प्रमुखहरू मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनयन गरेको कम्तिमा १ जना महिला सहित ३ जना –सदस्य

(झ) शिक्षालयका प्रशिक्षार्थीहरुका अभिभावकहरू मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनयन गरेको १ जना महिला सहित २ जना –सदस्य

(ञ) गा.पा. कृषि विकास शाखा प्रमुख — सदस्य

(ट) गा.पा. स्वास्थ्य शाखा प्रमुख — सदस्य

(ठ) शिक्षालयको निर्देशक –सदस्य सचिव

(ड) नुवाकोट जिल्लाको स्थानीय तहका प्रमुख/अध्यक्ष आमन्त्रित सदस्य रहनसक्ने छ ।

(२) उपदफा (१) को (छ), (ज), र (झ) बमोजिम मनोनित सदस्यको पदावधी तीन वर्षको हुनेछ । यसरी मनोनित भएका सदस्यहरुलाई अर्को एक कार्यकालको लागि पुनः मनोनयन गर्न सकिने छ ।

(३) सञ्चालक समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विषय विज्ञ, विद्यार्थी प्रतिनिधी, प्रशिक्षक वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) आमन्त्रित सदस्य तोकिएको बैठकमा तोकिएको कामको लागि मात्र उपस्थित हुनेछ र निजलाई मताधिकार हुनेछैन ।

(५) शिक्षालय सञ्चालनका लागि सञ्चालक समितिले आवश्यकता अनुसार उप–समिति गठन गर्नसक्नेछ।

**५.सञ्चालक समितिको बैठक र निर्णय**

१. सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२. सञ्चालक समितिको बैठक एक आर्थिक वर्षमा कम्तिमा ४ पटक बस्ने छ, तर आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ ।

३. सञ्चालक समितिको बैठकको लागि अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा एक हप्ता अगाडी प्रस्ताव सहित जानकारी गराउनु पर्ने छ ।

४. सबै सदस्यहरुलाई बैठक हुने मिति, समय, स्थान र छलफलका विषयहरु समेत लिखित रुपमा जानकारी गराउने छ । यस्तो जानकारी विद्युतीय सञ्चार माध्यमबाट पनि गराउन सकिनेछ ।

५. अध्यक्षले बैठक नबोलाएमा तत्काल कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्यले कारण सहित बैठक बोलाउन माग गरेमा अध्यक्षले सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ ।

६. सञ्चालक समितिको बैठकमा सञ्चालक समितिका तत्काल कायम रहेका सदस्य सङ्ख्याको एक्काउन्न (५१) प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

७. पहिलो पटक बोलाइएको बैठकमा गणपुरक संख्या नपुगी बैठक हुन नसकेमा सोको तीन दिन भित्र दोस्रो पटक बैठक बोलाउनु पर्नेछ । उक्त बैठकमा गाउँपालिका अध्यक्ष ,गाउँपालिका उप–अध्यक्ष र अन्य ४ जना सदस्य मात्र उपस्थित भएपनि गणपूरक संख्या पुगेको मानिनेछ ।

८. गाउँपालिका अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

९. सञ्चालक समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

१०. उपदफा (९) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा सञ्चालक समितिको बैठकमा उपस्थित सङ्ख्याको बहुमत सदस्यबाट गरेको निर्णय सञ्चालक समितिको निर्णय हुनेछ ।

११. बैठकमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

१२. सदस्य सचिवलाई मताधिकार प्रयोग गर्न पाइने छैन ।

१३.बैठकको निर्णय सदस्य सचिवले अभिलेखीकरण गरी अध्यक्षबाट प्रमाणित गराई व्यवस्थित गर्नु पर्नेछ ।

१४.समितिको बैठक सम्बन्धी अन्य व्यवस्था किस्पाङ बहुप्राविधिक शिक्षालय सञ्चालन कार्यबिधिले तोके बमोजिम हुनेछ ।

१५.समितिको पदाधिकारीको बैठक भत्ता प्रचलित कानून अनुसार हुने छ ।

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

(१) शिक्षालयको उद्देश्य परिपूर्ति गर्न, शिक्षालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र गुणस्तरीय प्राविधिक शिक्षाको सुनिश्चितता गर्न सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) शिक्षालय सञ्चालनको लागि आवश्यक नीति, योजना, ऐन, निर्देशिका बनाउने र कार्यान्वयन गर्ने ।

(ख) प्राविधिक शिक्षाको विकास गर्नका लागि तोकिए बमोजिमका बिभिन्न शिक्षण, प्रशिक्षण र प्रयोगशालाको व्यवस्था र सञ्चालन गर्न आवश्यक व्यवस्था, रेखदेख तथा निरीक्षण गर्ने ।

(ग) शिक्षालयको शैक्षिक सत्रको प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी अनुमोदनका लागि गाउँपालिका समक्ष पेश गर्ने ।

(घ) शिक्षालयले सञ्चालन गरिरहेका कार्यक्रमहरु थपघट सम्बन्धी विषयमा गाउँपालिका मा सिफारिस गर्ने ।

(ङ) शिक्षालयको लागि आवश्यक भौतिक पूर्वाधार र अन्य सुविधाको व्यवस्था गर्ने ।

(च) शिक्षालयको स्वीकृत कार्यक्रम निर्धारित लक्ष्य अनुरुप प्रभावकारी ढंगले सञ्चालन गर्ने, गराउने र गुणस्तरीय जनशक्ति उत्पादन गर्न आवश्यक सहयोग जुटाउने ।

(छ) स्थानीय स्तरमा प्राविधिक जनशक्तिको आवश्यकताको अध्ययन गरी सोही अनुसार जनशक्ति उत्पादन गर्ने व्यवस्था मिलाउने ।

(ज) शिक्षालयबाट उत्पादित जनशक्तिलाई रोजगारीका अवसरहरु जुटाउन रोजगार प्रदायक संस्थाहरुसँग समन्वय गरी अवसरको खोजी तथा औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गराउन सहयोग गर्ने ।

(झ) शिक्षालयका कार्यक्रम सञ्चालन तथा अध्ययन, अध्यापन कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन, मूल्याङ्कन तथा निर्देशन गर्ने ।

(ञ) शिक्षालयका नियमित शैक्षिक कार्यक्रमहरु र छोटो अवधिका तालिमहरु सञ्चालन तथा उक्त कोर्ष हरुको शुल्क निर्धारण गर्ने ।

(ट) शिक्षालयको शैक्षिक कार्यक्रम सञ्चालनको लागि शैक्षिक क्यालेण्डर बनाउने र कार्यान्वयन गर्ने ।

(ठ) शिक्षालयको अन्तिम लेखा परीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्ने ।

(ड) प्राविधिक शिक्षालय सञ्चालन, प्रविधि हस्तान्तरण तथा सिकाई आदानप्रदान जस्ता कार्य गर्ने ।

(ढ) राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षण संस्थासँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ण) स्वदेशी वा विदेशी प्राविधिक शिक्षालय वा प्राविधिक संस्थासँग सम्बन्ध कायम गरी शैक्षिक तथा प्राविधिक ज्ञान, सीप आदान प्रदान गर्ने तथा आर्थिक सहयोग प्राप्त गर्न पहल गर्ने ।

(त) उत्पादित प्राविधिक जनशक्ति र रोजगारीमा संलग्न ब्यक्तिको विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउने ।

(थ) आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था मिलाउने र कार्यान्वयन गर्ने ।

(द) प्रशिक्षक तथा कर्मचारीको कार्य सम्पादन मापन तथा प्रोत्साहन र दण्डको व्यवस्था गर्ने ।

(ध) शिक्षालयको प्रगति प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(न) गाउँपालिकाबाट कानून बमोजिम तोकिएका अन्य कार्य गर्ने ।

(प)सञ्चालक समितिले आवश्कता अनुसार केही अधिकार सदस्य सचिवलाई प्रत्यायोजन गर्ने

## परिच्छेद -४
## दरबन्दी र नियुक्ति

**७. दरबन्दी** (१) शिक्षालयमा १ जना निर्देशक, १ जना प्राचार्य १ जना लेखा सम्वन्धी कर्मचारी, १ जना प्रशासन सहायक र १ जना कार्यालय सहयोगी रहनेछन । प्रशिक्षकहरु प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले सम्वन्धित विषयको लागि निर्धारण गरे अनुसारको संख्यामा रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको दरबन्दी संख्या, स्थायी, अस्थायी, करार वा अन्य व्यवस्था सञ्चालक समितिको सिफारिसमा गाउँपालिका बाट स्वीकृत भए बमोजिम हुनेछ ।

**८. कर्मचारीको पदपूर्ति** किस्पाङ गाउँपालिका बहु प्राविधिक शिक्षालय सञ्चालन कार्यविधि २०७९ बमोजिम हुनेछ ।

**९. निर्देशकको नियुक्ति र पारीश्रमिक** शिक्षालयको दैनिक प्रशासनिक व्यवस्थापन कार्यका लागि कार्यरत सम्पूर्ण प्रशिक्षकहरूमध्येबाट सबैभन्दा माथिल्लो शैक्षिक योग्यता भएको वा समान

योग्यता भएको खण्डमा सञ्चालक समितिको निर्णय अनुसार एक जना निर्देशक नियुक्ति गर्नुपर्नेछ। यसरी नियुक्ति भएको निर्देशकको पारिश्रमिक मा.वि. द्वितीय श्रेणी सरहको हुनेछ ।निर्देशकको भ्रमण भत्ता र अन्य सेवा सुविधा गाउँपालिकाको निर्णय अनुसार प्रचलित कानून बमोजिम हुनेछ ।

**१०. निर्देशकको नियूक्ति,काम, कर्तव्य र अधिकार** किस्पाङ गाउँपालिका बहुप्राविधिक शिक्षालय सञ्चालन कार्यविधि २०७९ ले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद – ६
## शिक्षालयको कोष, लेखा तथा लेखापरीक्षण

**११. शिक्षालयको कोष**

(१) शिक्षालयको एउटा कोष रहनेछ ।

(२) उपदफा १ बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः

(क) गाउँपालिका बाट प्राप्त अनुदान रकम,

(ख) संघीय तथा प्रदेश सरकार र अन्य स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ग) कुनै सरकारी वा गैर सरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(घ) शिक्षालयले प्रशिक्षार्थीहरुबाट शुल्क बापत लिने रकम,

(ङ) शिक्षालयको चल, अचल सम्पत्ति बिक्री वा भाडामा लगाय बापत प्राप्त रकम,

(च) शिक्षालयलाई अन्य कुनै स्रोतबाट प्राप्त हुन आउने रकम वा सम्पत्ति,

(छ) शिक्षालयको लागि दान, दातब्य र आर्थिक सहायता स्वरुप प्राप्त भएको रकम,

(ज) शिक्षालयले ऋण तथा सापटी लिएको रकम,

(झ) गाउँपालिको स्वीकृतीमा अन्तराष्ट्रिय वा विदेशी संघ, संस्थाबाट प्राप्त रकम,

(३)खण्ड (ज) र (झ) बमोजिमको रकम प्राप्त गर्नुपूर्व शिक्षालयले गाउँपालिका मार्फत प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) शिक्षालयको कोष परिचालन गर्न कुनै वाणिज्य बैंकमा कार्य सञ्चालन खाता, धरौटी खाता र आर्जन खाता सञ्चालन हुनेछ ।

(५)शिक्षालयका खाताहरुको सञ्चालन निर्देशक र लेखा कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(६)शिक्षालयमा स्थायी लेखा प्रमुख को पदपुर्ति नहुँदा गाउँ कार्यपालिकाको कार्यालयको लेखापालबाट सञ्चालन हुनेछ ।

**१२. आर्थिक स्रोत जुटाउने अधिकार** शिक्षालयले आफ्नो काम सुचारु रुपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने रकमको लागि गाउँपालिका पूर्व स्वीकृती लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

**१३. शिक्षालयको लेखा र लेखापरीक्षण**

(१) शिक्षालयले आफ्नो आय–व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) शिक्षालयको आन्तरिक लेखापरीक्षण गाउँपालिका आन्तरिक लेखापरीक्षण शाखा तथा अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखा परीक्षकबाट हुनेछ ।

(३) लेखा परीक्षकको नियुक्ति तोकिए बमोजिम हुनेछ ।

(४) गाउँपालिका शिक्षालयको हिसाब किताब सम्बन्धी कागजातहरु, आर्थिक कारोबार तथा जिन्सी निरीक्षण तथा जाँच गर्न लगाउन सक्नेछ ।

**१४. आन्तरिक नियन्त्रण प्रणाली** शिक्षालयबाट सम्पादन गरिने कार्यलाई मितव्ययी, प्रभावकारी, नियमितता तथा कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन र प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद –८ विविध

**१५. छोटो अवधिको तालिम**

(१) शिक्षालयले छोटो अवधिको तालिम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको पाठ्यक्रम गाउँपालिका निर्धारण गरे बमोजिम छोटो अवधिको तालिम सञ्चालन हुनेछ।

**१६. पुरस्कार**

(१) शिक्षालयले उत्कृष्ट कार्य गर्नेलाई पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गर्ने पुरस्कार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. आचरण** पदाधिकारी तथा कर्मचारीले आफनो पद अनुसारको आचरण पालन गर्नुपर्नेछ । पदिय आचरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. प्राविधिक शिक्षा तथा व्यवसायीक शिक्षा तथा परिषद्सँग साझेदारी तथा समन्वय** शिक्षालयले परिषद्सँगको साझेदारी र समन्वयमा प्रशासनीक सेवा, पाठ्यक्रम तयारी, प्रविधि हस्तान्तरण लगायतका कार्य गर्न सक्नेछ ।

**१९. संघीय तथा प्रादेशिक प्राविधिक शिक्षा नीति** अनुरुप कार्य गर्नुपर्ने शिक्षालयले संघीय र प्रदेश सरकारको स्वीकृत संघीय तथा प्रादेशिक प्राविधिक शिक्षा सम्बन्धी नीतिको पालना गर्नु पर्नेछ ।

**२०. प्रदेश तथा संघीय सरकारसँग सम्पर्क** शिक्षालयले प्रदेश तथा संघीय सरकारसँग सम्पर्क राख्दा गाउँपालिका मार्फत राख्नुपर्नेछ ।

**२१.प्रशासनीक काम कर्वाही सम्वन्धी व्यवस्था -**

(१) किस्पाङ गाउँपालिका बहु प्राविधिक शिक्षालयको दैनिक प्रशासनीक कार्य सञ्चालनको लागि शिक्षालयको आफ्नै जिन्सी खाता, दर्ता चलानी, लेटर हेड,छाप ,कर्मचारी तथा प्रशिक्षक /प्रशिक्षार्थीको हाजिरकापीको प्रयोग गर्न सक्नेछ ।

(२) शिक्षालय प्रशासनले विद्यार्थी भर्ना, परिक्षा सञ्चालन ,रजिश्टेशन, चारित्रिक प्रमाण पत्र तथा विद्यार्थीको शैक्षिक तथ्याङ्क व्यवस्थापन जस्ता कार्य गर्न सम्वन्धित निकाय संग समन्वयमा निर्धारित समयमानै  गर्नु पर्ने छ ।

**२२. शुल्क र कोटा सम्वन्धी व्यवस्था**

(१) शिक्षालयमा पठनपाठनको लागि शुल्क समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय अनुसार निर्धारण हुनेछ ।

(२) किस्पाङ बहुप्राविधिक शिक्षालयमा प्रत्येक विषयमा पठनपाठनहुने संख्याको ५० प्रतिशत किस्पाङ गाउँपालिका क्षेत्र भित्रको लागि २५ प्रतिशत नुवाकोट जिल्लाको लागि र २५ प्रतिशत खुल्ला कोटा हुने छ ।

(३) उपदफा २ बमोजिम विद्यार्थी संख्या नपुगेमा वा भर्ना नभएकोमा रिक्त कोटामा मेरीट लिस्टको आधारमा विद्यार्थी भर्ना गरिने छ ।

**२३. वार्षिक प्रतिवेदन** शिक्षालयको वार्षिक प्रतिवेदन सञ्चालक समिति मार्फत गाउँपालिका मा पेश गर्नुपर्नेछ ।

**२४. काम कारवाही बदर नहुने** शिक्षालय सञ्चालक समितिको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयन गर्न त्रुटी भएको कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन ।

किस्पाङ गाउँपालिका

**२५. नियम बनाउने अधिकार**

(१) यस ऐनको कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२)उपदफा (१) बमोजिमको नियम अन्तर्गत रही सञ्चालक समितिले आवश्यक विनियम, कार्यबिधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**२६. असल नियतले काम गरेकोमा बचाउ** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम,कार्यविधि बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा शिक्षालय वा शिक्षालयका कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कुनै कारवाही गरिने छैन ।

२७.छाप लोगो र लेटरहेड सम्वन्धी व्यवस्था

(१) शिक्षालयको आफ्नै "किस्पाङ बहुप्राविधिक शिक्षालय"अङंकित छाप हुने छ ।

(२) शिक्षालयको "षट्कोण भित्र पुस्तक" अङ्कित लोगो रहनेछ ।

(३) शिक्षालयको दैनिक प्रशासनीक कार्यको लागि दफा ७ बमोजिम निर्देशक वा निर्देशकबाट अधिकार प्रत्योजन प्राप्त पदाधिकारीको हस्ताक्षरवाट जारी हुनेगरी किस्पाङ बहुप्राविधिक शिक्षालयको लेटरहेट प्रयोग गर्न सकिने छ ।

२८. सल्लाकार समिति गठन सम्वन्धी व्यवस्था - शिक्षालयको सञ्चालक समितिले आवश्यक महसुस गरेमा वढिमा ७ सदस्य सल्लाहकार समिति गठन गर्न सक्ने छ ।

२९. छात्रवृती सम्वन्धी व्यवस्था -

(१)छात्रवृती सम्वन्धी कोटा सम्वन्धमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बाट तोके बमोजिम हुनेछ ।

(२)स्थानीय छात्रवृती कोटा किस्पाङ गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३०. खारेजी र वचाउ**

(१) यो ऐन संघीय,प्रदेश कानून सँग बाझिएमा बाझिएको हक सम्म निस्कृय हुने छ ।

(२) यो ऐन जारिहुनु पुर्व किस्पाङ बहुप्राविधिक शिक्षालय सञ्चालनमा भएका सम्पुर्ण कार्य यसै ऐन बमोजिम भएको मानिने छ ।

(३) गाउँ कार्यपालिकाबाट स्वीकृत "**किस्पाङ गाउँपालिका बहु प्राविधिक शिक्षालय संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९**" वाट भएका सम्पुर्ण कार्य यसै ऐन बमोजिम भएको मानिने छ ।

**३१.संसोधन गर्न सक्नेः** गाउँ सभाले आवश्यकता र औचित्य का आधारमा यस ऐनलाई सम्सोदन गर्न सक्ने छ ।

३२. **व्याख्या-** यस ऐनको अन्तिम व्याख्या गाउँकार्यपालिकामा निहित रहने छ ।

आज्ञाले

केदार प्रसाद खतिवडा

प्रमुख प्रशासकीय अधिकृत